
सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८१/०८२ सालको असार मसान्तसम्म




जिल्ला सरकारी वकील कार्यालय, ताप्लेजुङ

फुङलिङ न.पा. वडा नं. ५ हुलाक टोल

## १. जिल्ला सरकारी वकिल कार्यालय ताप्लेजुङको परिचय

बि सं २०१७ साल अगाडि नेपालमा आफ्नै मौलिक प्रकारको अनुसन्धानात्मक फौजदारी न्याय प्रणाली प्रचलनमा रहेकोमा तत्कालीन सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ प्रारम्भ भए पछि अभियोजनात्मक पद्धतिको अनुशरण गरियो। वि. सं. २०१८ साल वैशाख देखि लागू भएको यो ऐनले सरकार वादी हुने मुद्दाको अनुसन्धान, जाँचबुझ, मुद्दा दायर गर्ने कार्य प्रहरी र सरकारी वकीलबाट संयुक्त रूपमा हुने तथा सरकार वा सरकारी काम कारबाहीमा सरकारी कर्मचारीको तर्फबाट प्रतिरक्षा गर्ने कार्य एवं सरकारलाई कानूनी राय प्रदान गर्ने काम, कर्तव्य, अधिकार सरकारी वकीलको हुने व्यवस्था गर्‍यो । यस ऐन बमोजिम सरकारी मुद्दा सम्बन्धी नियमावली, २०१८ र सरकारी वकील सम्बन्धी नियमावली, २०२८ तर्जुमा भई लागू गरिएको थियो। तत्कालीन सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को दफा २ को खण्ड (क) ले सरकारी वकीलको परिभाषा भित्र महान्यायाधिवक्तालाई समावेश गरी महान्यायाधिवक्ताको कार्यालयलाई संगठनको स्वरूप प्रदान गर्‍यो।

तत्कालीन नेपालको संविधान, २०१९ ले सर्वप्रथम महान्यायाधिवक्ताको पदलाई संवैधानिक पदको रूपमा स्थापित गर्‍यो। वि.सं. २०२० सालसम्म सरकारी वकीलको प्रशासन महान्यायाधिवक्ताको कार्यालयबाट भएकोमा २०२० सालदेखि २०२७ सालसम्म सरकारी वकील कार्यालयलाई कहिले अञ्चलाधीश कार्यालय र जिल्ला कार्यालयमा गाभ्नुका साथै सरकारी वकीलहरूको प्रशासनको काम कानून तथा न्याय मन्त्रालयले गरेको थियो। वि.सं. २०२७ सालमा सरकारी वकीलको प्रशासन पुनः महान्यायाधिवक्ताको कार्यालय मातहतमा रहने र कार्यालय पनि छुट्टै रहने व्यवस्था भयो। सोही बमोजिम वि.सं. २०२७ सालमा महान्यायाधिवक्ताको कार्यालय भवन निर्माण कार्य प्रारम्भ भई २०२९ साल वैशाख २ गते उद्घाटन भयो। यसपछि मात्र महान्यायाधिवक्ताको कार्यालयको सांगठनिक स्वरूपले स्थायित्व प्राप्त गरेको पाइन्छ।

बहुदलीय प्रजातन्त्र र कानूनी शासनलाई आधारभूत संरचनाको रूपमा आत्मसात गरेको तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ ले कानूनी राज्यको स्थापनार्थ व्यवस्था गरेका विभिन्न संवैधानिक अंगहरूको व्यवस्था गरेको थियो। जसमा महान्यायाधिवक्तालाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको थियो। नेपाल अधिराज्यको संविधान, २०४७ ले महान्यायाधिवक्ता सरकारको मुख्य कानूनी सल्लाहकार र प्रमुख अभियोजनकर्ताको रूपमा स्थापित गर्दै कुनै अदालत वा न्यायिक अधिकारी समक्ष सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार प्रदान गरेको थियो। यसैगरी सो संविधानले महान्यायाधिवक्तालाई संसदको कुनै पनि सदन वा त्यसको कुनै समितिको बैठकमा वा संसदको संयुक्त अधिवेशनमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने अधिकार समेत प्रदान गरेको थियो।

उक्त संवैधानिक व्यवस्थालाई ब्यबहारमा कार्यान्वयन गर्न कानून परिमार्जन आवश्यक भएकोले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ जारी गरियो। नेपाल सरकारवादी हुने उक्त ऐनको अनुसूची १ भित्रका फौजदारी मुद्दाको

अनुसन्धानको सिलसिलामा सरकारी वकीलले अनुसन्धान अधिकृतलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था उक्त ऐनमा गरिएको छ भने अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा सरकारी वकीलसँग आवश्यक निर्देशन वा कानूनी राय लिन सक्ने व्यवस्था गरिएको छ। अनुसन्धान अधिकृतले अनुसन्धान कार्य समाप्त भएपछि अभियोजन सम्बन्धी कार्य गर्न सरकारी वकील समक्ष राय सहितको मिसिल प्रमाण प्रस्तुत गर्नु पर्ने व्यवस्था गरिएको छ। प्राप्त मिसिल प्रमाणका आधारमा सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार बमोजिम अभियोजन सम्बन्धी कार्य गर्दछ। यसप्रकार संयुक्त अनुसन्धान र अभियोजन प्रणालीको अन्त्य गरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले सरकारी वकीललाई अभियोजनकर्ता र प्रहरी अधिकृतलाई अनुसन्धान अधिकृतको रूपमा राखेको छ। कानूनी व्यवस्थाका अधीनमा रही दुवै निकाय बीचको समन्वय, परामर्श र आपसी सहयोगका आधारमा अपराधको सम्बन्धमा सबुद प्रमाण संकलन, साक्षी प्रमाण प्रस्तुतिका कार्यहरू हुन गरी जिम्मेवारी प्रदान गरेको देखिन्छ। अभियोजन पश्चात् सम्बन्धित मुद्दामा प्रतिरक्षा बहस पैरवी लगायतका कार्य सरकारी वकीलबाट हुने व्यवस्था रहे पनि साक्षी उपस्थिति गराउने दायित्व अनुसन्धानकर्तामा रहने व्यवस्था छ।

वि.सं. २०६३ सालको राजनीतिक परिवर्तन पश्चात जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ ले स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रति समेत पूर्ण प्रतिबद्धता व्यक्त गरेको थियो। नागरिकहरूको हक अधिकार तथा स्वतन्त्रताको गैर—कानूनी ढंगबाट अपहरण हुन नदिन, समाजको शान्ति सुरक्षामा खलल पार्ने आपराधिक गतिविधिहरू नियन्त्रण गरी त्यस्ता गतिविधिमा संलग्न व्यक्तिहरू उपर कानून बमोजिम न्यायिक कारबाही चलाई समाजमा शान्ति र न्याय व्यवस्था कायम राख्न तथा राज्यको काम कारबाहीमा कुनै कानूनी बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा कानूनी राय उपलव्ध गराउने उद्देश्यले संविधानको भाग १६ मा नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार र मुख्य अभियोजनकर्ताको रूपमा महान्यायाधिवक्ताको व्यवस्था गरेको थियो।

संविधान सभाबाट २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान (यसपछि संविधान भनिएको) को भाग १२ धारा १५८ मा नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार र मुख्य अभियोजनकर्ताको रूपमा महान्यायाधिवक्ताको व्यवस्था गरिएको छ। नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने, नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिंदा महान्यायाधिवक्ताको राय लिनु पर्ने व्यवस्था गरेको छ। महान्यायाधिवक्तालाई आफ्नो कर्तव्य पालन गर्दा नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फतबाट प्रतिरक्षा गर्ने, मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने, हिरासतमा रहेको व्यक्तिलाई यस संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने अधिकार समेत महान्यायाधिवक्तालाई हुने व्यवस्था गरिएको छ।

नेपालको संविधानको धारा १५८ को उपधारा (७) मा महान्यायाधिवक्ताले उक्त धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका अधिकृतलाई सुम्पन सक्ने व्यवस्था छ। उक्त संवैधानिक प्रावधान अनुरूप मिति २०७२।०६।०३ को राजपत्रमा प्रकाशित सूचना अनुसार महान्यायाधिवक्ताबाट मातहतका सरकारी वकीलहरूलाई आफूमा निहित मुद्दा चलाउने वा नचलाउने अधिकार विभिन्न शर्तको अधीनमा रहने गरी सुम्पेको पाइन्छ। यसैगरी सोही मितिको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार महान्यायाधिवक्ताले नेपालको संविधानको धारा १५८ को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले सोही धाराको उपधारा (२) बमोजिम आफूमा निहित अधिकार मध्ये विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिने मुद्दा मध्ये बैदेशिक रोजगार ऐन, २०६४ को कसूर सम्बन्धी मुद्दामा सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको तहकिकात पूरा भै मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि राय सहित विशेष सरकारी वकील कार्यालय समक्ष प्रस्तुत हुन आएको मिसिल मुद्दा चल्ने चलाउनु पर्ने देखेमा सोको आधार र कारण सहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पूरा गरी गराई मुद्दा दायर गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउने अधिकार प्रत्यायोजन गरिएको छ। त्यस्तै संविधानको धारा १५८ को उपधारा (६) को खण्ड (ग) बमोजिम महान्यायाधिवक्तामा निहित हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने अधिकार मिति २०७२।०६।०३ को राजपत्रमा प्रकाशित सूचना अनुसार सोही मितिदेखि लागू हुने गरी पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतले काम गर्ने कर्मचारीले प्रयोग गर्ने गरी सुम्पिएको छ। यसैगरी संविधानको धारा १५८ को उपधारा (४) अनुसार महान्यायाधिवक्तालाई व्यवस्थापिका-संसद, संविधान सभा वा त्यसको कुनै समितिको बैठकमा उपस्थित भई कुनै कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने अधिकार समेत रहेको छ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१ मा उल्लेखित फौजदारी कसूरहरूको अनुसन्धान प्रहरी अनुसन्धानकर्ताबाट हुन्छ। कसूरको अनुसन्धान सम्बन्धित अनुसन्धान अधिकारी र सरकारी वकील बीचको समन्वय र सहयोगबाट सम्पन्न गरिन्छ। अनुसन्धान अधिकारीबाट अनुसन्धानको कार्य सम्पन्न भए पश्चात अभियोजन सम्बन्धी निर्णयका लागि सरकारी वकील कार्यालयमा अनुसन्धान प्रतिवेदन पठाउने, सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकारको अधीनमा रही मुद्दा चल्ने वा नचल्ने सम्बन्धी निर्णय गर्ने र मुद्दा चल्ने निर्णय भएमा अभियोगपत्र तयार गरी कानूनद्वारा तोकिएको अदालत वा न्यायिक निकायमा मुद्दा दायर गर्ने कानूनी व्यवस्था छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–२ मा उल्लेखित फौजदारी कसूरहरूको अनुसन्धान तोकिएको अनुसन्धान अधिकारीबाट हुन्छ। अनुसन्धान अधिकारीबाट अनुसन्धानको कार्य सम्पन्न भए पश्चात मुद्दा चल्ने वा नचल्ने निर्णयका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा मिसिल पठाउनुपर्ने व्यवस्था रहेको छ। यसरी प्राप्त मिसिल अध्ययन गर्दा सबुद प्रमाणका आधारमा मुद्दा चलाउनुपर्ने देखिएमा कसूर र सो कसूरमा हुने सजायको मागदावी सहितको मुद्दा चलाउने निर्णय सरकारी वकीलबाट गरिन्छ। सरकारी वकीलको निर्णयका आधारमा सम्बन्धित अनुसन्धान अधिकारीले

अभियोगपत्र तयार गरी कानूनद्धारा तोकिएको अदालत वा न्यायिक निकायमा मुद्दा दायर गर्ने कानूनी व्यवस्था छ। नेपाल सरकार वादी हुने फौजदारी मुद्दा नचलाउने गरी सरकारी वकीलले निर्णय गरेकोमा सोको निकासाका लागि उच्च सरकारी वकील कार्यालयमा पठाउनुपर्ने हुन्छ। उच्च सरकारी वकीलले मुद्दा चलाउनुपर्ने देखेमा निर्णय सहित मुद्दा चलाउन सम्बन्धित सरकारी वकील कार्यालयमा फिर्ता पठाउन सक्दछ भने नचल्ने निर्णय गरेकोमा महान्यायाधिवक्ता समक्ष पठाई अन्तिम निकासा भए बमोजिम हुने कानूनी व्यवस्था रहेको छ।

यसैगरी नेपाल सरकार वादी हुने देवानी मुद्दा र प्रचलित कानूनमा सरकार वादी भनिएका देवानी मुद्दाहरू तोकिएको अधिकारीले जाँचबुझ गरी रायसहित मुद्दा चल्ने वा नचल्ने निर्णयका लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउने र सम्बन्धित सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार बमोजिम तोकिएको शर्तको अधीनमा रही मुद्दा चल्ने वा नचल्ने सम्बन्धी निर्णय गर्ने र सो बमोजिम मुद्दा चल्ने निर्णय भएमा सम्बन्धित अदालत वा न्यायिक निकायमा मुद्दा दायर गर्ने कानूनी व्यवस्था छ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१ वा २ मा लेखिएको मुद्दा र कुनै ऐनमा नेपाल सरकार वादी हुने भनी लेखिएको फौजदारी तथा देवानी मुद्दामा पुनरावेदन वा निवेदन वा पुनरावलोकन वा तत्सम्बन्धी कुनै निवेदन दिनु पर्दा सम्बन्धित सरकारी वकीलले दिने र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ वा २ मा लेखिएको मुद्दा तथा नेपाल सरकारलाई सरोकार पर्ने अन्य जुनसुकै मुद्दामा नेपाल सरकाको तर्फबाट साक्षी प्रमाण पेश गर्ने तथा साक्षी बकाउने काम सरकारी वकीलले गर्ने कानूनी व्यवस्था छ ।महान्यायधिवक्ता कार्यालय अन्तर्गत रही ताप्लेजुङ जिल्लाभरी माथि उल्लेखित कानुनी व्यवस्था लागू गर्न जिल्ला सरकारी वकिल कार्यालय ताप्लेजुङको स्थापना भएको हो।

## २. मुख्य ध्येय (Vision)

वैज्ञानिक प्रमाणमा आधारित अभियोजन तथा प्रभावकारी प्रतिरक्षा गर्ने व्यवसायीक संस्थाको रुपमा स्थापित गरी कानुनी शासनको सुनिश्चितता गर्नु।

## ३. उद्धेश्य


- अभियोजनलाई बष्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउने,
- मुद्धाको प्रभावकारी प्रतिरक्षा गर्ने,
- संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गर्ने,
- अपराध पीडितमैत्री वातावरण सृजना गरी पीडित र साक्षीको हक हितको रक्षा गर्ने,
- स्वच्छ सुनुवाइका आधारभुत सिद्धान्तहरुको पालना गर्ने।

## ४. कार्यालयको काम कर्तव्य र अधिकार

- प्रमाण संकलन एवं परीक्षणलाइ प्रभावकारी बनाउन अनुसन्धान निकायलाई निर्देशन दिने,
- स्वच्छ सुनुवाइका आधारभुत सिद्धान्तहरुको पालना गर्दै अभियुक्तको वयान गराउने,

- बष्तुगत प्रमाणको आधारमा सम्बन्धित जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालयमा अभियोजन गर्ने,
- अनुसन्धानको क्रममा संकलित प्रमाणबाट अभियुक्त कसूरदार नदेखिए निजको हकमा मुद्दा नचलाउने निर्णय गरी उच्च सरकारी वकिल कार्यालय पठाउने,
- नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने,
- अपराध पीडित र साक्षीको संरक्षण गर्दै अदालत एव जिल्ला प्रशासन कार्यालय समक्ष बकपत्र गराउने,
- शुरु फैसला उपर चित्त नबुझे सम्बन्धित उच्च सरकारी वकिल कार्यालयमा पुनरावेदन मस्यौदा पठाउने,
- फौजदारी कानुनको बारेमा सचेतना जगाउन समुदायमा सरकारी वकिल कार्यक्रम संचालन गर्ने,
- प्रहरी कार्यालयले जाहेरी लिन नमानेको अवस्थामा जाहेरी दर्ता गर्न निर्देशन दिने।

५. कार्यालयको संगठन संरचना तथा दरबन्दी विवरण



६. सेवा प्रदान गर्ने शाखा र अधिकारी

| क्र.स | शाखा/फाँट | शाखा प्रमुख | सहयोगी कर्मचारी |
|---|---|---|---|
| १ | मुद्दा तथा अभिलेख व्यवस्थापन शाखा | स.जि.न्या.व श्री मदन न्यौपाने | ना.सु. श्री बासुदेब घिमिरे<br>स.क.अ. श्री दिपक जोशी<br>का.स. श्री सिता खड्का |
| २ | प्रशासन, योजना तथा कानूनी राय शाखा | स.जि.न्या.व श्री कंचन घिमिरे | ना.सु. श्री बासुदेब घिमिरे<br>स.क.अ. श्री दिपक जोशी<br>का.स. श्री भिष्म कुमार पुरी |
| ३ | कसूर पीडित तथा साक्षी संरक्षण शाखा | स.जि.न्या.व श्री कंचन घिमिरे | ना.सु. श्री बासुदेब घिमिरे<br>का.स. श्री कल्पना खवास |
| ४ | साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखा | स.जि.न्या.व श्री मदन न्यौपाने | स.क.अ. श्री दिपक जोशी<br>का.स. श्री सिता खड्का |
| ५ | पुस्तकालय शाखा | ना.सु. श्री बासुदेव घिमिरे | का.स. श्री कल्पना खवास |
| ६ | दर्ता चलानी तथा सोधपुछ फाँट | स.क.अ. श्री दिपक जोशी | का.स. श्री सीता खड्का |

**७. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अविधि**

नागरिक बडापत्रमा उल्लेख भए बमोजिम हुने।

**८. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी**

कानुन बमोजिम निवेदन परे पश्चात कार्यालय प्रमुखबाट उक्त उजुरीको सम्बोधन गरिने।

**९. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

कार्यालय प्रमुख।

**१०. सम्पादन गरेका कामको विवरण (२०८१ बैशाख १ देखि २०८२ असार मसान्तसम्म)**

क) अनुसूची-१ भित्रका मुद्दाहरु अदालततर्फ ९९वटा र जिल्ला प्रशासन कार्यालयतर्फ २८ वटा दर्ता भएको।

ख) अनुसूची २ भित्रका मुद्दाहरु ३ वटा दर्ता भएका।

ग) सुनुवाइको क्रममा रहेको २ वटा मुद्दाहरुको मिलापत्रको निर्णय गरिएको।

घ) समुदायमा सरकारी वकील कार्यालय ४ पटक सम्पन्न गरिएको।

ङ) तामेली निर्णय ११४ वटा भएको।

१८. कार्यालयको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

मुद्दासँग सम्बन्धित तथा अनुसन्धानको क्रममा रहेको विवरणहरु सरोकारवाला व्यक्तिलाई मात्र उपलब्ध गराउन सकिने। साथै अदालत वा जिल्ला प्रशासन वा माथिल्लो निकायको आदेश भएमा यस कार्यालयसँग सम्बन्धित विवरण उपलब्ध गराईने।

१९. सूचना माग सम्बन्धी निवेदन

कार्यालयसँग सम्बन्धित सूचना माग गरी निवेदन दिएको बखत अध्ययन गरी सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नेपालको संविधानको धारा २७ मा व्यवस्था भए बमोजिम तोकिएको समयभित्रै उपलब्ध गराईने।

२०. जिल्ला सरकारी वकील कार्यालयबाट भएका प्रकाशनहरुः-

नरहेको।

फोन नं. 024460112, 9852660312
इमेल:Email- dgao.taplejung@ag.gov.np